बुढीनन्दा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजरा

पत्र.सं. २०८१/०८२ च.नं सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८१।१२।०६
ने.सं ११४५ चिल्लागा, बुधबार

## आवेदन दिने सम्बन्धी सुचना।

उपरोक्त विषयका सम्बन्धमा वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरि उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई, उनिहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले सम्मान गर्ने कार्यक्रम सम्बन्धि मिति २०८१।०९।२४ गते र दोश्रो पटक मिति २०८१।१२।०५ गतेको सूचना बमोजिम यस बुढीनन्दा नगरपालिका भित्र वैदेशिक रोजगारीमा गएर स्वदेशमा फर्केर उद्यम गरिरहेका सम्बन्धित सबै उद्यमीहरु आवश्यक कागजात सहित चैत १० गतेभित्र यस नगरपालिकाको उद्यम शाखा, प्रशासन शाखा वा रोजगार शाखा निवेदन दिन आह्वान गरिन्छ । साथै उक्त कार्यक्रममा सहभागि हुन चाहिने आवश्यक योग्यता र कागजात सम्बन्धि सूचना पनि यसै साथ संलग्न राखिएको छ।

रामदत्त न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत

Website: mosd.sudurpashchim.gov.np
☎ ०९१-५२६५०४
०९१-५२६०५८

सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/२४

पुनः सूचना प्रकाशित मितिः २०८१/१२/०५

## पुनः सूचना प्रकाशन सम्बन्धमा

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरूको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने सम्मान कार्यक्रमका लागि देहाय बमोजिमको योग्यता पुगेका यस प्रदेशका नागरिकले "वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरिरहेका उत्कृष्ट उद्यमी सम्मान कार्यविधि,२०८१" को अनुसूची २ अनुसारको आवेदन फारम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले सात (सात) दिन (मिति २०८१/१२/११ गते) भित्र उद्यम सञ्चालन गरिरहेको स्थानीय तहमा प्रस्ताव दर्ता गराउन हुन अनुरोध गरिन्छ। आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेबसाइट mosd.sudurpashchim.gov.np बाट Download गरी हेर्न सकिनेछ र थप जानकारीका लागि फोन नं. ९८४८७७८५५७ (जनक राज भट्ट) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यताः- | पेश गर्नुपर्ने कागजातहरुः- |
|---|---|
| (क) प्रदेशको स्थायी बासिन्दा भएको हुनुपर्ने,<br>(ख) वैदेशिक रोजगारबाट फर्की प्रदेशभित्रै उद्यम गरिरहेको नेपाली नागरिक,<br>(ग) उद्यमी स्वयम् आफैं संचालक भई व्यवसाय दर्ता र संचालन गरेको,<br>(घ) विगत दुई वर्षदेखि निरन्तर रुपमा श्रम तथा उद्यम गरिरहेको,<br>(ङ) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर तिरेको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको, र<br>(च) वार्षिक न्यूनतम पाँचलाख रुपैयासम्मको कारोवार गरेको । | (क) अनुसूची-२ बमोजिमको प्रस्ताव,<br>(ख) नागरिकताको प्रतिलिपि,<br>(ग) वैदेशिक रोजगारबाट फर्किएको व्यहोरा खुल्ने कागजात (भिषा र पासपोर्ट)<br>(घ) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(ङ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>(च) PAN/VAT दर्ताको प्रतिलिपि,<br>(छ) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,<br>(ज) विशेष प्राथमिकता समूह खुल्ने निस्सा र<br>(झ) दुई प्रति पासपोर्ट साइजको फोटो र चेकको प्रतिलिपि । |

Email: mosdkailali07@gmail.com